लघुवित्त वित्तीय संस्थाहरुको गैरस्थलगत सुपरिवेक्षण प्रतिवेदन

आर्थिक वर्ष २०८२/८३

चौथो त्रयमास - २०८३ असार

नेपाल राष्ट्र बैंक
लघुवित्त संस्था सुपरिवेक्षण विभाग
बालुवाटार, काठमाडौं

बिषय-सूची

खण्ड (१)

१. परिचय तथा उद्देश्य

१.१ परिचय १
१.२ उद्देश्य १
१.३. सीमा १

खण्ड (२)

२. लघुवित्त वित्तीय संस्थाहरुको स्थिति

२.१ पहुँच २
२.२ पुँजीकोष ३
२.३ वित्तीय श्रोत संकलन ३
२.४ कर्जा तथा सापटी ५
२.५ लगानी ८
२.६ जोखिम भारित सम्पत्ति र कुल सम्पत्ति ८
२.७ मुनाफा स्थिति ९
२.८ तरलता स्थिति १०

खण्ड (३)

३. निर्देशन पालना स्थिति

३.१ पुँजीकोष अनुपात १२
३.२ वित्तीय श्रोत संकलन १४
३.३ कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था १४
३.४ धितो कर्जा र कुल कर्जा अनुपात १४
३.५ कृषि क्षेत्रमा कुल कर्जाको अनुपात १५
३.६ अनिवार्य मौज्दात अनुपात १५
३.७ तरल सम्पत्ति अनुपात १५
३.८ निक्षेप/बचतको व्याजदर सम्बन्धमा १५
३.९ नेपाल राष्ट्र बैंकमा पठाउनुपर्ने विवरण सम्बन्धमा १५
३.१० वार्षिक वित्तीय विवरण स्वीकृति सम्बन्धमा १६

अनुसूचीहरु

क) Key Financial Indicators
ख) Sources and Uses Report
ग) Progress Report

खण्ड (१)

परिचय तथा उद्देश्य

१.१. परिचय

२०८३ असार मसान्तसम्ममा ५१ वटा लघुवित्त वित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन् । उक्त लघुवित्त वित्तीय संस्थाहरुले यस विभागमा पेश गरेको आर्थिक वर्ष २०८२/८३ को चौथो त्रयमाससम्मको अपरिष्कृत वित्तीय विवरणको आधारमा नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली २०७४ को परिच्छेद ५ मा भएको व्यवस्था बमोजिम गैर-स्थलगत सुपरिवेक्षण (Off-site Supervision) गरी समग्र वित्तीय स्थितिको विश्लेषण तथा निर्देशन पालनाको अवस्था सहितको प्रतिवेदन प्रस्तुत गरिएको छ ।

१.२. उद्देश्य

(क) यस बैंकबाट वित्तीय कारोवार गर्न “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुको समग्र वित्तीय अवस्थाको विश्लेषण एवम् मूल्याङ्कन गर्ने ।

(ख) गैर-स्थलगत सुपरिवेक्षणबाट प्राप्त पूर्वसावधानी संकेत (Early Warning Signals) को आधारमा स्थलगत निरीक्षणको लागि सूचना प्राप्त गर्ने ।

(ग) लघुवित्त वित्तीय संस्थाहरुबाट प्राप्त वित्तीय विवरण एवम् अन्य कागजातहरूको अध्ययनको आधारमा प्रचलित नियम कानुन तथा निर्देशनहरुको पालना भए/नभएको यकिन गर्ने ।

१.३. सीमा

(क) प्रतिवेदनमा २०८३ असार मसान्तमा सञ्चालनमा रहेका लघुवित्त वित्तीय संस्थाहरुको अपरिष्कृत वित्तीय विवरण समावेश गरिएको छ ।

(ख) अनुपालनाको सन्दर्भमा यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा भएको व्यवस्थाको अनुपालना स्थितिलाई उल्लेख गरिएको छ ।

खण्ड (२)
लघुवित्त वित्तीय संस्थाहरुको स्थिति

२.१ पहुँच

२०८३ असार मसान्तसम्ममा ५१ वटा लघुवित्त वित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन् । सोमध्ये ३ वटा थोक कर्जा प्रदायक संस्था रहेका छन् भने बाँकी ४८ वटा खुद्रा कर्जा प्रवाह गर्ने लघुवित्त संस्थाहरु रहेका छन् । **लघुवित्त वित्तीय संस्थाहरुको शाखा संख्या पछिल्लो समय घटेको देखिन्छ । अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा लघुवित्त वित्तीय संस्थाहरुको शाखा संख्या १.०२ प्रतिशतले घटेकोमा यस आर्थिक वर्षमा ०.७५ प्रतिशतले घटेको देखिन्छ ।** २०८२ असार मसान्तको तुलनामा २०८३ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको सदस्य संख्या ४.९६ प्रतिशतले बढेर ६५ लाख ३० हजार पुगेको छ ।

लघुवित्त वित्तीय संस्थाहरुको पहुँच र प्रदेशगतरुपमा शाखाको सञ्जाल देहायका तालिका तथा चार्टमा उल्लेख गरिएको छ ।

तालिका १: लघुवित्त वित्तीय संस्थाहरुको पहुँच स्थिति

विवरण	२०८१ असार (१)	२०८२ असार (२)	२०८३ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१)*१००	(३-२)/(२)*१००
कुल संस्था संख्या	५२	५२	५१	०.००	-१.९२
*राष्ट्रिय स्तरका संस्था	३९	३९	३९	०.००	०.००
क्षेत्रीय/जिल्ला स्तरका संस्था	४	४	३	०.००	-२५.००
प्रादेशिकस्तरका संस्था	९	९	९	०.००	०.००
कुल शाखा संख्या	५,०१२	४,९६१	४,९२४	-१.०२	-०.७५
कार्य क्षेत्र रहेको जिल्ला	७७	७७	७७	०.००	०.००
कुल केन्द्र संख्या (हजारमा)	४,५९	४,७३	४,९०	३.०८	३.४५
कुल समूह संख्या (हजारमा)	१४,१६	१४,७८	१५,४३	४.४३	४.३९
कुल सदस्य संख्या (हजारमा)	५९,९५	६२,२१	६५,३०	३.७७	४.९६
कुल ऋणी संख्या (हजारमा)	२६,६४	२७,०७	२७,१३	१.६२	०.२२
कुल कर्मचारी संख्या	२१,७२७	२१,७१७	२१,७९२	-०.०५	०.३५

उपरोक्त राष्ट्रिय स्तरका संस्थाहरुमध्ये थोक कर्जा प्रदायक संस्थाहरुको संख्या ३ रहेको छ ।

चार्ट १: प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाको शाखा उपस्थिति (प्रतिशतमा)



प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाको शाखाहरु लुम्बिनी प्रदेशमा सबैभन्दा बढी रहेको देखिन्छ । २०८३ असार मसान्तमा उक्त प्रदेशमा कुल शाखा संख्याको २२.०३ प्रतिशत (१०८५ शाखा) रहेको छ । पहुँचका हिसावले कर्णाली प्रदेशमा लघुवित्त संस्थाको उपस्थिति न्यून रहेको देखिन्छ । उक्त प्रदेशमा कुल शाखा संख्याको ४.७९ प्रतिशत मात्रै शाखाहरु (२३६ शाखा) रहेका छन् ।

२.२ पुँजीकोष

यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ को निर्देशन नं. १/०८२ मा लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो कुल जोखिम भारित सम्पत्तिको आधारमा न्युनतम प्राथमिक पुँजी र पुँजीकोष क्रमशः ४ प्रतिशत र ८ प्रतिशत कायम गर्नु पर्ने वैधानिक प्रावधानबमोजिम लघुवित्त वित्तीय संस्थाहरुको पुँजीकोषको स्थिति समग्रमा सन्तोषजनक रहेको छ । २०८३ असार मसान्तमा समग्रमा लघुवित्त वित्तीय संस्थाहरुको जोखिम भारित सम्पत्तिको अनुपातमा प्राथमिक पुँजी र पुँजीकोष क्रमशः ११.४० प्रतिशत र १२.५६ प्रतिशत रहेको छ । समिक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पुँजी ८.२१ प्रतिशतले र जोखिम भारित सम्पत्ति ७.७७ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पुँजी र जोखिम भारित सम्पत्ति क्रमशः ७.२४ प्रतिशत र ८.२९ प्रतिशतले बढेको थियो ।

लघुवित्त वित्तीय संस्थाहरुको पुँजीकोष सम्बन्धी विवरण देहायको तालिकामा उल्लेख गरिएको छ ।

तालिका २ः पुंजीकोष सम्बन्धी विवरण

(रु. करोडमा)

विवरण	२०८१ असार (१)	२०८२ असार (२)	२०८३ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१)/१००	(३-२)/(२)/१००
चुक्ता पुँजी	३५,८३.५१	३८,४२.९२	४१,५८.३४	७.२४	८.२१
प्राथमिक पूँजी	५७,४०.७७	६२,४३.४३	६८,१७.११	८.७६	९.१९
पूँजीकोष	६३,९०.६८	६९,५१.५८	७५,१२.६२	८.७८	८.०७
जोखिम भारित सम्पत्ति	५,१२,५४.२०	५,५५,०२.८९	५,९८,१६.१३	८.२९	७.७७
प्राथमिक पूँजी/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत)	**११.२०**	**११.२५**	**११.४०**		
पूँजी कोष/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत)	**१२.४७**	**१२.५२**	**१२.५६**		

२.३ वित्तीय श्रोत संकलन

थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको सापटी रकममा बृद्धि भएको छ । यस्ता लघुवित्त वित्तीय संस्थाहरुको प्रमुख वित्तीय श्रोत पुँजी र सापटी रहेको छ । २०८३ असार मसान्तमा थोक लघुवित्त वित्तीय संस्थाहरूले रु.३८ अर्ब ६६ करोड वित्तीय श्रोत संकलन गरेका छन् , जुन २०८२ असार मसान्तको तुलनामा ९.०१ प्रतिशतले कम हो । आर्थिक वर्ष २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा वित्तीय श्रोत संकलनमा ९.११ प्रतिशतले कमी आएको थियो । लघुवित्त वित्तीय संस्थाहरुले प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय श्रोत परिचालन गर्न सक्ने व्यवस्था रहेकोमा २०८३ असार मसान्तमा यी संस्थाहरुको वित्तीय श्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पुँजीको ३.२८ गुणा मात्र रहेको छ ।

थोक कर्जाको कारोवार गर्ने लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय श्रोत संकलन सम्बन्धी विवरण देहायको तालिकामा उल्लेख गरिएको छ ।

तालिका ३ : वित्तीय श्रोत संकलन सम्बन्धी विवरण (थोक कर्जा प्रदायक)

(रु. करोडमा)

विवरण	२०८१ असार (१)	२०८२ असार (२)	२०८३ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१)/१००	(३-२)/(२)/१००
(क) निक्षेप	२,८३.८९	४,०४.०९	६,६२.६५	४२.३४	६३.९९
(ख) सापटी	४३,९१.५०	३८,४५.५४	३२,०३.९५	(१२.४३)	(१६.६८)
कुल वित्तीय स्रोत संकलन	**४६,७५.३९**	**४२,४९.६२**	**३८,६६.६०**	**(९.११)**	**(९.०१)**
प्राथमिक पुँजी (अघिल्लो त्रयमास)	१०,२२.५०	११,०९.३५	११७७.०९		
वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा)	४.५७	३.८३	३.२८		

खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको बचत/निक्षेप र सापटी रकममा वृद्धि भएको छ। २०८३ असार मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरूले बचत/निक्षेप संकलन रू. २ खर्ब २५ अर्ब २७ करोड र सापटी रू. २ खर्ब १२ अर्ब ५४ करोड गरी जम्मा रू. ४ खर्ब ३७ अर्ब ८१ करोड वित्तीय श्रोत संकलन गरेका छन्। कुल वित्तीय श्रोत संकलन रकम अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा १०.०१ प्रतिशतले बढेकोमा चालु आर्थिक २०८२/८३ मा भने १०.३५ प्रतिशतले बढेको छ। लघुवित्त वित्तीय संस्थाहरुले प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय श्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेकोमा २०८३ असार मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय श्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पुँजीको ८.४० गुणा मात्र पुगेको छ ।

खुद्रा कर्जाको कारोवार गर्ने लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय श्रोत संकलन सम्बन्धी विवरण देहायको तालिकामा उल्लेख गरिएको छ ।

तालिका ४: वित्तीय श्रोत संकलन सम्बन्धी विवरण (खुद्रा कर्जा प्रदायक)

(रु. करोडमा)

विवरण	२०८१ असार (१)	२०८२ असार (२)	२०८३ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/ (१)/१००	(३-२)/ (२)/१००
(क) निक्षेप	१,७३,८२.१९	१,९५,७१.५२	२,२५,२६.६४	१२.६०	१५.१०
(ख) सापटी	१,८६,८३.१०	२,०१,०४.०१	२,१२,५४.१२	७.६१	५.७२
कुल वित्तीय स्रोत संकलन	**३,६०,६५.२९**	**३,९६,७५.५३**	**४,३७,८०.७५**	**१०.०१**	**१०.३५**
प्राथमिक पुँजी (अघिल्लो त्रयमास)	४२,९१.१५	४६,३१.५३	५२,११.४०		
वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा)	८.४०	८.५७	८.४०		

२.४ कर्जा तथा सापटी

२०८३ असार मसान्तसम्ममा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापट रकमका साथै निष्क्रिय कर्जा रकममा समेत ह्रास आएको छ। थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०८२ असार मसान्तको तुलनामा ५.२५ प्रतिशतले ह्रास आई २०८३ असार मसान्तमा रू.४६ अर्ब २१ करोडमा सीमित भएको छ। समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटीमध्ये निष्क्रिय कर्जा रु.१ अर्ब ४१ करोड अर्थात ३.०४ प्रतिशत रहेको छ। २०८२ असार मसान्तमा निष्क्रिय कर्जाको अनुपात २.९० प्रतिशत रहेको थियो भने २०८१ असार मसान्तमा यस्तो अनुपात २.३० प्रतिशत रहेको थियो। समीक्षा अवधिमा निष्क्रिय कर्जा ०.५२ प्रतिशतका साथै सक्रिय कर्जा समेत ५.४० प्रतिशतले घटेको छ। गत आर्थिक वर्षको सोही अवधिमा निष्क्रिय कर्जा १४.३४ प्रतिशतले बढेको थियो भने सक्रिय कर्जा १० प्रतिशतले घटेको थियो।

थोक कर्जाको कारोवार गर्ने लघुवित्त वित्तीय संस्थाहरुको कर्जा तथा सापट सम्बन्धी विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

तालिका ५: कर्जा तथा सापटको वर्गीकरण (थोक कर्जा प्रदायक)

(रु. करोडमा)

कर्जा विवरण	२०८१ असार (१)	२०८२ असार (२)	२०८३ असार (३)	प्रतिशत परिवर्तन (२-१)/(१)/१००	प्रतिशत परिवर्तन (३-२)/(२)/१००
सक्रिय कर्जा	५२,६१.६६	४७,३५.६५	४४,८०.१६	(१०.००)	(५.४०)
निष्क्रिय कर्जा	१,२३.७०	१,४१.४४	१,४०.७०	१४.३४	(०.५२)
कुल कर्जा तथा सापट	**५३,८५.३६**	**४८,७७.०९**	**४६,२०.८६**	(९.४४)	(५.२५)
निष्क्रिय कर्जा अनुपात	**२.३०**	**२.९०**	**३.०४**		

२०८३ असार मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको निष्क्रिय कर्जा रकममा उल्लेख्य वृद्धि भएको छ भने कुल कर्जा तथा सापटमा समेत वृद्धि भएको छ। खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०८२ असार मसान्तको तुलनामा १०.०९ प्रतिशतले बढेर २०८३ असार मसान्तमा रू.४ खर्ब ८७ अर्ब ७४ करोड पुगेको देखिन्छ। यसैगरी २०८३ असार मसान्तमा निष्क्रिय कर्जा रू.५० अर्ब ८२ करोड अर्थात १०.४२ प्रतिशत रहेको छ। २०८२ असार मसान्तमा निष्क्रिय कर्जाको अनुपात ७ प्रतिशत रहेको थियो। समीक्षा अवधिमा निष्क्रिय कर्जाको वृद्धिदर ६३.८३ प्रतिशत रहेको छ जुन गत आर्थिक वर्षको सोही अवधिमा २४.९८ प्रतिशतले बढेको थियो।

खुद्रा कर्जाको कारोवार गर्ने लघुवित्त वित्तीय संस्थाहरुको कर्जा तथा सापट सम्बन्धी विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

तालिका ६: कर्जा तथा सापटको वर्गीकरण (खुद्रा कर्जा प्रदायक)

(रू. करोडमा)

कर्जा विवरण	२०८१ असार (१)	२०८२ असार (२)	२०८३ असार (३)	प्रतिशत परिवर्तन (२-१)/(१)/१००	प्रतिशत परिवर्तन (३-२)/(२)/१००
सक्रिय कर्जा	३,७७,१६.२३	४,१२,००.९०	४,३६,९१.८४	९.२४	६.०५
निष्क्रिय कर्जा	२४,८२.१२	३१,०२.०३	५०,८२.००	२४.९८	६३.८३
कुल कर्जा तथा सापट	**४,०१,९८.३४**	**४,४३,०२.९३**	**४,८७,७३.८५**	१०.२१	१०.०९
निष्क्रिय कर्जा अनुपात	**६.१७**	**७.००**	**१०.४२**		

२०८३ असार मसान्तमा क्षेत्रगत कर्जा प्रवाहतर्फ लघुवित्त वित्तीय संस्थाहरुबाट कृषि क्षेत्रतर्फ कर्जा प्रवाहको हिस्सामा वृद्धि भएको छ। २०८३ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जाको ५८.६३ प्रतिशत कृषि क्षेत्रमा प्रवाह भएको देखिन्छ। कृषि क्षेत्रमा २०८२ असार मसान्तमा ५३.७५ प्रतिशत कर्जा प्रवाह भएको थियो। आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामध्ये सेवा व्यवसाय क्षेत्रमा २०.४५ प्रतिशत थोक कर्जामा ८.६५ प्रतिशत घरेलु तथा लघु उद्योग क्षेत्रमा २.६४ प्रतिशत तथा अन्य क्षेत्रमा ९.६२ प्रतिशत कर्जा प्रवाह भएको देखिन्छ।

लघुवित्त वित्तीय संस्थाहरुको कर्जा तथा सापटको क्षेत्रगत वर्गीकरण सम्बन्धी विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

तालिका ७: कर्जा तथा सापटको क्षेत्रगत वर्गीकरण

कर्जा विवरण	२०८२ असार (रु. करोडमा)	२०८२ असार (प्रतिशत)	२०८३ असार (रु. करोडमा)	२०८३ असार (प्रतिशत)
कृषि	२,६४,३२.१०	५३.७५	३,१३,०५.९४	५८.६३
सेवा व्यावसाय	१,१५,७८.३४	२३.५४	१,०९,१९.६५	२०.४५
थोक कर्जा	४८,७७.०९	९.९२	४६,२०.८६	८.६५
घरेलु तथा लघु उद्योग	१५,९८.६०	३.२५	१४,११.८९	२.६४
अन्य	४६,९३.८९	९.५४	५१,३६.३७	९.६२
जम्मा	**४,९१,८०.०२**	**१००.००**	**५,३३,९४.७१**	**१००.००**

२०८३ असार मसान्तमा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा नोक्सानी व्यवस्था र निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था बढेको छ। २०८३ असार मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था २०८२ असार मसान्तको तुलनामा ५.८६ प्रतिशतले बढेर रू. १ अर्ब ९४ करोड पुगेको छ। जसमध्ये निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था २०८२ असार मसान्तको तुलनामा १९.७५ प्रतिशतले वृद्धि भई २०८३ असार मसान्तमा रू.१ अर्ब ४९ करोड पुगेको छ। २०८१ असारमसान्तको तुलनामा २०८२ असारमसान्त कुल कर्जा नोक्सानी व्यवस्था रकम ७.५१ प्रतिशतले घटेको थियो भने निष्क्रिय कर्जामा गरिएको नोक्सानी व्यवस्था रकम २६.२१ प्रतिशतले बढेको थियो।

थोक कर्जाको कारोवार गर्ने लघुवित्त वित्तीय संस्थाहरुको कर्जा नोक्सानी व्यवस्था सम्बन्धी विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

तालिका ८: कर्जा नोक्सानी व्यवस्था (थोक कर्जा प्रदायक)

(रू. करोडमा)

कर्जा विवरण	२०८१ असार (१)	२०८२ असार (२)	२०८३ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१)/१००	(३-२)/(२)/१००
सक्रिय कर्जामा नोक्सानी व्यवस्था	९९.६३	५८.८१	४४.९३	(४०.९७)	(२३.६०)
निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था	९८.८४	१२४.७५	१४९.३९	२६.२१	१९.७५
कुल कर्जा नोक्सानी व्यवस्था	**१,९८.४८**	**१,८३.५६**	**१,९४.३२**	(७.५१)	५.८६
कुल कर्जामा कुल कर्जा नोक्सानी व्यवस्था (अनुपात)	**३.६९**	**३.७६**	**४.२१**		

२०८३ असार मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा नोक्सानी व्यवस्था र निष्क्रिय कर्जामा नोक्सानी व्यवस्थामा वृद्धि भएको छ । २०८३ असार मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था २०८२ असार मसान्तको तुलनामा ३४.८८ प्रतिशतले बढेर रू. ३५ अर्ब २४ करोड पुगेको छ । जसमध्ये निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था २०८२ असार मसान्तको तुलनामा ८४.०८ प्रतिशतले वृद्धि भई रू.२९ अर्ब ४३ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको असार मसान्तमा कुल कर्जा नोक्सानी व्यवस्था रकम ३०.७० प्रतिशतले र निष्क्रिय कर्जामा गरिएको नोक्सानी व्यवस्था रकम १९.९४ प्रतिशतले बढेको थियो ।

खुद्रा कर्जाको कारोवार गर्ने लघुवित्त वित्तीय संस्थाहरुको कर्जा नोक्सानी व्यवस्था सम्बन्धी विवरण देहायको तालिकामा उल्लेख गरिएको छ ।

तालिका ९: कर्जा नोक्सानी व्यवस्था (खुद्रा कर्जा प्रदायक)

(रू. करोडमा)

कर्जा विवरण	२०८१ असार (१)	२०८२ असार (२)	२०८३ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१)/१००	(३-२)/(२)/१००
सक्रिय कर्जामा नोक्सानी व्यवस्था	६,६६.३०	१०,१४.३४	५,८१.६७	५२.२३	(४२.६५)
निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था	१३,३२.८०	१५,९८.५७	२९,४२.७२	१९.९४	८४.०८
कुल कर्जा नोक्सानी व्यवस्था	**१९,९९.११**	**२६,१२.९१**	**३५,२४.३९**	३०.७०	३४.८८
कुल कर्जामा कुल कर्जा नोक्सानी व्यवस्था (अनुपात)	**४.९७**	**५.९०**	**७.२३**		

२०८३ असार मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो कर्जा रकममा केही ह्रास आएको छ भने लघु व्यवसाय कर्जामा वृद्धि भएको देखिन्छ । २०८३ असार मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो कर्जासँग कुल कर्जा तथा सापटको अनुपात १३.७८ प्रतिशत रहेको छ । यस्तो अनुपात २०८२ असार मसान्तमा १६.१२ प्रतिशत रहेको थियो । साथै कुल कर्जा तथा सापटमा लघु व्यवसाय कर्जाको अनुपात २०८२ असार मसान्तमा ७६.२९ प्रतिशत रहेकोमा २०८३ असार मसान्तमा ७७.३८ प्रतिशत पुगेको छ ।

खुद्रा कर्जाको कारोवार गर्ने लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जामा धितो कर्जाको अनुपात सम्बन्धी विवरण देहायको तालिकामा उल्लेख गरिएको छ ।

तालिका १०: कुल कर्जामा धितो कर्जाको अनुपात (खुद्रा कर्जा प्रदायक)

(रू. करोडमा)

विवरण	२०८१ असार (१)	२०८२ असार (२)	२०८३ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१)/१००	(३-२)/(२)/१००
धितो कर्जा	७६,३५.५७	७१,४३.७३	६७,२०.४५	(६.४४)	(५.९३)
लघु व्यवसाय कर्जा	२,८८,०७.५०	३,३७,९९.३३	३,७७,४०.४४	१७.३३	११.६६
अन्य कर्जा	३७,५५.२७	३३,५९.८८	४३,१२.९५	(१०.५३)	२८.३७
कुल कर्जा तथा सापट प्रदान (खुद्रा कर्जा प्रदायकको)	४,०१,९८.३४	४,४३,०२.९३	४,८७,७३.८५	१०.२१	१०.०९
धितो कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत)	**१८.९९**	**१६.१२**	**१३.७८**		
लघु व्यवसाय कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत)	**७१.६६**	**७६.२९**	**७७.३८**		
अन्य कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत)	**९.३४**	**७.५८**	**८.८४**		

२.५ लगानी

लघुवित्त वित्तीय संस्थाहरूको लगानीमा कमी आएको छ। २०८३ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरूको कुल लगानी २०८२ असार मसान्तको तुलनामा ६ प्रतिशतले घटेर रू. ९ अर्ब ९० करोडमा सीमित भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल लगानी ३.३९ प्रतिशतले बढेको थियो। लघुवित्त वित्तीय संस्थाहरूले मुद्धती निक्षेपमा २०८३ असार मसान्तसम्मा रू. ७ अर्ब १९ करोड लगानी गरेका छन् जुन रकम २०८२ असार मसान्तको तुलनामा १४.३९ प्रतिशतले कम हो। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा मुद्धती निक्षेपमा राखेको रकम १.९९ प्रतिशतले बढेको थियो।

लघुवित्त वित्तीय संस्थाहरुको लगानी सम्बन्धी विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

तालिका ११: लगानी विवरण

(रू. करोडमा)

विवरण	२०८१ असार (१)	२०८२ असार (२)	२०८३ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१)/१००	(३-२)/(२)/१००
सरकारी सुरक्षणपत्र	९६.९०	१,०८.००	१,५२.४६	११.४५	४१.१८
शेयर तथा डिवेन्चर	९.२९	७.५५	२२.९१	(१८.७९)	२०३.६०
मुद्दती निक्षेप	८,२३.८१	८,४०.१७	७,१९.२८	१.९९	(१४.३९)
अन्य लगानी	८९.०९	९७.९४	९५.७८	९.९३	(२.२०)
जम्मा लगानी	**१०,१९.१०**	**१०,५३.६५**	**९,९०.४४**	३.३९	(६.००)

२.६ जोखिम भारित सम्पत्ति र कुल सम्पत्ति

२०८३ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति र जोखिम भारित सम्पत्ति दुवै बढेको छ। उक्त अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति रू. ६ खर्ब ५५ अर्ब ४२ करोड पुगेको छ जुन २०८२ असार मसान्तको तुलनामा ७.८८ प्रतिशतले बढी हो। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल सम्पत्ति १४.२६ प्रतिशतले बढेको थियो। २०८३ असार मसान्तमा कुल जोखिम भारित सम्पत्ति (Risk Weighted

Assets) कुल सम्पतिको ९१.२६ प्रतिशत रहेको छ जुन २०८२ असार मसान्तमा ९१.३५ प्रतिशत रहेको थियो ।

लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति र जोखिम भारित सम्पत्ति सम्बन्धी विवरण देहायको तालिकामा उल्लेख गरिएको छ ।

तालिका १२: कुल सम्पत्ति र जोखिम भारित सम्पत्तिको विवरण

(रू. करोडमा)

विवरण	२०८१ असार (१)	२०८२ असार (२)	२०८३ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१)/१००	(३-२)/(२)/१००
कुल सम्पत्ति	५,३१,७५.१५	६,०७,५५.५३	६,५५,४२.४५	१४.२६	७.८८
जोखिम भारित सम्पत्ति	५,१२,५४.२०	५,५५,०२.८९	५,९८,१६.१३	८.२९	७.७७
जोखिम भारित सम्पति/कुल सम्पति अनुपात (प्रतिशत)	९६.३९	९१.३५	९१.२६		

२.७ मुनाफा स्थिति

समीक्षा अवधिमा अघिल्लो आर्थिक बर्षको तेश्रो त्रयमासको तुलनामा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको खुद मुनाफामा ह्रास आएको छ । २०८३ असार मसान्तसम्ममा उक्त लघुवित्त वित्तीय संस्थाहरुको ब्याज आम्दानी रू. २ अर्ब ९१ करोड र ब्याज खर्च रू. १ अर्ब २१ करोड रहेको छ। समीक्षा अवधिमा यस्ता लघुवित्त वित्तीय संस्थाहरुले रू.९८ करोड खुद मुनाफा गरेका छन् जुन अघिल्लो आर्थिक वर्षको तुलनामा २३.२७ प्रतिशतले कम हो ।

थोक कर्जाको कारोवार गर्ने लघुवित्त वित्तीय संस्थाहरुको मुनाफाको स्थिति देहायको तालिकामा उल्लेख गरिएको छ ।

तालिका १३: मुनाफा स्थिति (थोक कर्जा प्रदायक)

(रू. करोडमा)

विवरण	२०८१ असार (१)	२०८२ असार (२)	२०८३ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१)/१००	(३-२)/(२)/१००
ब्याज आम्दानी	५,८७.४७	४,०४.४४	२,९०.६०	(३१.१६)	(२८.१५)
ब्याज खर्च	३,११.८८	१,८१.३१	१,२१.४०	(४१.८७)	(३३.०४)
संचालन आम्दानी	२,८०.२७	२,२६.६७	१,७०.३०	(१९.१३)	(२४.८७)
खूद नाफा/नोक्सान	१,२५.४९	१,२७.९२	९८.१५	१.९४	(२३.२७)

समीक्षा अवधिमा अघिल्लो आर्थिक बर्षको सोही अवधिको तुलनामा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको खुद मुनाफामा वृद्धि भएको छ। उक्त लघुवित्त वित्तीय संस्थाहरुको २०८२ असार मसान्तमा खुद मुनाफा रू.७ अर्ब २८ करोड रहेकोमा २०८३ असार मसान्तमा ४८.१४ प्रतिशतले वृद्धि भई खुद मुनाफा रू.१० अर्ब ७८ करोड पुगेको छ। समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको ब्याज आम्दानी रू.६३ अर्ब ९ करोड र ब्याज खर्च रू.२८ अर्ब २७ करोड रहेको छ (तालिका २.१४)। **यस अवधिमा सञ्चालनमा रहेका ४८ खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरु मध्ये २ वटा लघुवित्त वित्तीय संस्थाहरु खुद नोक्सानीमा रहेको देखिन्छ ।**

खुद्रा कर्जाको कारोवार गर्ने लघुवित्त वित्तीय संस्थाहरुको मुनाफाको स्थिति देहायको तालिकामा उल्लेख गरिएको छ ।

तालिका १४: मुनाफा स्थिति (खुद्रा कर्जा प्रदायक)

(रू. करोडमा)

विवरण	२०८१ असार (१)	२०८२ असार (२)	२०८३ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१)/१००	(३-२)/(२)/१००
ब्याज आम्दानी	५३,११.५९	५८,३३.६०	६३,०९.०७	९.८३	८.१५
ब्याज खर्च	३१,२२.२८	२९,६६.४०	२८,२७.२९	(४.९९)	(४.६९)
संचालन आम्दानी	२६,७०.३७	३४,२२.०५	४०,१७.७९	२८.१५	१७.४१
खूद नाफा/नोक्सान	५,१४.८७	७,२८.१६	१०,७८.६८	४१.४३	४८.१४

२.८ तरलता स्थिति

समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पत्तिमा वृद्धि भएको छ । सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरु निर्धन उत्थान लघुवित्त वित्तीय संस्था र छिमेक लघुवित्त वित्तीय संस्था मात्र रहेका छन् । २०८३ असार मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पत्ति २०८२ असारको तुलनामा २५.१२ प्रतिशतले बढेर रू. ९ अर्ब ५० करोड कायम भएको छ ।

सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको तरलताको स्थिति देहायको तालिकामा उल्लेख गरिएको छ ।

तालिका १५: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन गर्ने संस्था)

(रू. करोडमा)

विवरण	२०८१ असार (१)	२०८२ असार (२)	२०८३ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१)/१००	(३-२)/(२)/१००
नगद	५.३५	३.५१	३.२६	(३४.४३)	(७.२१)
नेपाल राष्ट्र बैंक मौज्दात	१,३१.३२	१,३९.८२	१,४५.९६	६.४७	४.४०
बैंक तथा बित्तीय संस्था मौज्दात	५,३४.४५	५,१२.८३	६,५१.९८	(४.०४)	२७.१३
सरकारी सुरक्षणपत्रमा लगानी	९६.९०	१,०३.१८	१,४८.९१	६.४७	४४.३३
कुल तरल सम्पत्ति	**७,६८.०२**	**७५९.३३**	**९५०.११**	**(१.१३)**	**२५.१२**
कुल बचत तथा निक्षेप (अघिल्लो महिनाको औषत)	५२,६९.५२	५८५७.७३	६६८२.८१	११.१६	१४.०९
तरल सम्पत्ति/कुल बचत तथा निक्षेप (प्रतिशत)	१४.५७	१२.९६	१४.२२		
वैधानिक तरलता अनुपात	४.३७	४.००	**४.४८**		
अनिवार्य मौज्दात अनुपात	३.७४	३.२७	**३.४८**		

२०८३ असार मसान्तमा तरल सम्पत्ति/कुल बचत तथा निक्षेप अनुपात १४.२२ प्रतिशत रहेको छ। २०८२ असार मसान्तमा यस्तो अनुपात १२.९६ प्रतिशत रहेको थियो। सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०८३ असार महिनाको वैधानिक तरलता अनुपात र अनिवार्य मौज्दात अनुपात क्रमशः ४.४८ प्रतिशत र ३.४८

प्रतिशत रहेको छ। समग्रमा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपात तोकिएको न्यूनतम दरभन्दा बढी नै रहेको छ।

सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको तरलताको स्थिति देहायको तालिकामा उल्लेख गरिएको छ।

तालिका १६: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने संस्था)

(रू. करोडमा)

विवरण	२०८१ असार (१)	२०८२ असार (२)	२०८३ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१)/१००	(३-२)/(२)/१००
नगद	३७.०५	२९.०१	४२.९४	(२१.७१)	४८.०१
नेपाल राष्ट्र बैंक मौज्दात	१,०२.६३	२,९६.८५	३,३०.२४	१८९.२४	११.२५
बैंक तथा बित्तीय संस्था मौज्दात	२६,४८.३५	३२,६९.५१	३९,३१.८४	२३.४५	२०.२६
सरकारी सुरक्षणपत्रमा लगानी	-	४.८२	३.५५	-	(२६.३९)
कुल तरल सम्पत्ति	**२७,८८.०४**	**३६,००.१९**	**४३,०८.५६**	**२९.१३**	**१९.६८**
कुल बचत (अघिल्लो महिनाका औषत)	१,१९,९६.५६	१,३५,६०.००	१,५८,८९.२३	१३.०३	१७.१८
तरल सम्पत्ति/ कुल बचत (प्रतिशत)	२३.२४	२६.५५	२७.१२%		
अनिवार्य मौज्दात अनुपात	०.५७	०.६४	०.६६		

समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको कुल तरल सम्पत्तिमा वृद्धि भएको छ। सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०८३ असार मसान्तमा तरल सम्पत्ति २०८२ असारको मसान्तको तुलनामा १९.६८ प्रतिशतले वृद्धि भई रु.४३ अर्ब ८ करोड पुगेको छ। २०८२ असार मसान्तमा २६.५५ प्रतिशत रहेको तरल सम्पत्ति/कुल बचत अनुपात २०८३ असार मसान्तमा बढेर २७.१२ प्रतिशत पुगेको छ। समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात बढेको छ। समग्रमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०८३ असार महिनाको अनिवार्य मौज्दात अनुपात ०.६६ प्रतिशत रहेको छ (तालिका २.१६)। सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने संस्थाहरु मध्ये सञ्जिवनी लघुवित्त वित्तीय संस्था लि. बाहेक अन्य सबै लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात तोकिएको दरभन्दा माथि नै रहेको छ।

खण्ड (३)

निर्देशन पालनाको स्थिति

नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनहरु अन्तर्गत पुँजीकोष वित्तीय श्रोत संकलन अनिवार्य नगद मौज्दात कर्जा वर्गीकरण तथा नोक्सानी व्यवस्था प्रति ग्राहक कर्जा सीमा ब्याजदर सम्बन्धी व्यवस्था लगानी सम्बन्धी व्यवस्था आदिको निर्देशन पालना सम्बन्धमा विभिन्न वित्तीय संस्थाहरुको स्थिति यस खण्डमा विश्लेषण गरिएको छ ।

३.१ पुँजीकोष अनुपात

यस बैंकको निर्देशन बमोजिम लघुवित्त वित्तीय संस्थाहरूले कुल जोखिम भारित सम्पत्तिको ४ प्रतिशत प्राथमिक पुँजी र ८ प्रतिशत पुँजीकोष कायम गर्नुपर्ने व्यवस्था रहेकोमा २०८३ असार मसान्तको अपरिष्कृत वित्तीय विवरणको आधारमा ८ वटा लघुवित्त वित्तीय संस्थाको को पुँजीकोष ८ प्रतिशत भन्दा कम रहेको देखिन्छ। २०८३ असार मसान्तसम्ममा कुल १० वटा लघुवित्त वित्तीय संस्थाहरु शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली २०७४ को विनियम ३ बमोजिमको कारवाहीमा रहेकोमा समिक्षा अवधिमा कुल ४ वटा लघुवित्त वित्तीय संस्थाहरुलाई उक्त कारवाही गरिएको हो। साथै सोही अवधिमा उक्त विनियमावलीको विनियम ३(क) बमोजिम शीघ्र सुधारात्मक कारवाहीमा रहेको संस्था आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि.लाई शीघ्र सुधारात्मक कारवाहीबाट फुकुवा गरिएको छ ।

लघुवित्त वित्तीय संस्थाहरुको पुँजीकोषको अवस्थासम्बन्धी विवरण देहायको तालिकामा उल्लेख गरिएको छ ।

तालिका १७: लघुवित्त वित्तीय संस्थाको २०८३ असार मसान्तसम्मको पुँजीकोषको अवस्था

क्र. सं.	संस्थाको नाम	पुँजीकोष अनुपात (%)(२०८३ असार मसान्तमा)	शिघ्र सुधारात्मक कारवाहीमा रहेको भए सोको मिति
१	साना किसान बिकास लघुवित्त वित्तीय संस्था लि.	१७.३५	–
२	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.	३५.५४	–
३	आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.	२७.७०	–
४	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि.	१२.११	–
५	डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि.	१४.९६	–
६	छिमेक लघुवित्त वित्तीय संस्था लि.	१७.०१	–
७	स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.	११.६४	–
८	नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लि.	५.६३	२०८२/११/०५
९	मिथिला लघुवित्त वित्तीय संस्था लि.	११.५०	–
१०	स्वरोजगार लघुवित्त वित्तीय संस्था लि.	१२.७३	–
११	कालिका लघुवित्त वित्तीय संस्था लि.	११.६७	–
१२	जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि.	८.३३	–
१३	सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लि.	११.५१	–
१४	लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.	१०.३९	–
१५	हिमालयन लघुवित्त वित्तीय संस्था लि.	११.१८	–

१६	विजय लघुवित्त वित्तीय संस्था लि.	८.८९	–
१७	एनएमबि लघुवित्त वित्तीय संस्था लि.	११.७८	–
१८	फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.	९.१७	२०८३/०१/०८
१९	ग्लोबल आइ.एम.ई. लघुबित्त वित्तीय संस्था लि.	१२.३०	–
२०	महुली लघुवित्त वित्तीय संस्था लि.	१०.९८	–
२१	मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.	११.६८	–
२२	समता घरेलु लघुवित्त वित्तीय संस्था लि.	१२.६८	–
२३	सामुदायिक लघुवित्त वित्तीय संस्था लि.	७.२३	२०८२/१०/१८
२४	नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.	१३.९१	–
२५	ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.	१२.८८	–
२६	वीन नेपाल लघुवित्त वित्तीय संस्था लि.	८.०९	–
२७	उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लि.	९.२८	–
२८	नाडेप लघुवित्त वित्तीय संस्था लि.	८.७५	२०८२/०४/०२
२९	सपोर्ट लघुवित्त वित्तीय संस्था लि.	११.३३	–
३०	आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि.	९.२६	–
३१	आशा लघुवित्त वित्तीय संस्था लि.	१०.५६	–
३२	गुराँस लघुवित्त वित्तीय संस्था लि.	८.८५	–
३३	गणपति लघुवित्त वित्तीय संस्था लि.	८.८५	२०८२/१०/१५
३४	इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि	११.४४	–
३५	स्वाभिमान लघुवित्त वित्तीय संस्था लि	८.६३	–
३६	सम्पदा लघुवित्त वित्तीय संस्था लि.	१०.३२	–
३७	एनआईसी एसिया लघुवित्त वित्तीय संस्था लि.	६.९४	२०८३/०३/१२
३८	महिला लघुवित्त वित्तीय संस्था लि.	६.०१	–
३९	मानुषि लघुवित्त वित्तीय संस्था लि.	५.७०	–
४०	यूनिक नेपाल लघुवित्त वित्तीय संस्था लि.	६.७६	–
४१	उपकार लघुवित्त वित्तीय संस्था लि.	८.२३	–
४२	धौलागिरि लघुवित्त वित्तीय संस्था लि.	७.५७	२०८३/०१/१०
४३	सिवाइसि नेपाल लघुवित्त वित्तीय संस्था लि.	८.६०	२०८२/११/१०
४४	नेस्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि.	१५.०६	–
४५	स्वस्तिक लघुवित्त वित्तीय संस्था लि.	९.०२	–
४६	श्रृजनशिल लघुवित्त वित्तीय संस्था लि.	९.९९	–
४७	मातृभूमि लघुवित्त वित्तीय संस्था लि.	६.२३	२०८३/०१/२९
४८	जीवन विकास लघुवित्त वित्तीय संस्था लि.	१६.३९	–
४९	आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लि.	१५.७३	–
५०	संजीवनी लघुवित्त वित्तीय संस्था लि.	२९.७४	–
५१	अभियान लघुवित्त वित्तीय संस्था लि.	८.९५	२०८२/०८/२६

३.२ वित्तीय श्रोत संकलन

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन २०८२ को निर्देशन नं.१५/०८२ को बुँदा नम्बर १ मा भएको व्यवस्था बमोजिम अघिल्लो त्रयमासमा कायम रहेको प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय श्रोत संकलन गर्न पाउने विद्यमान व्यवस्था रहेकोमा २०८३ असार मसान्तमा सम्पूर्ण लघुवित्त वित्तीय संस्थाहरूले सो निर्देशनको पालना गरेको देखिन्छ।

३.३ कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था

(क) सक्रिय कर्जा नोक्सानी व्यवस्था

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन २०८२ को निर्देशन नं.२/०८२ को बुँदा नम्बर २ मा भएको व्यवस्था बमोजिम २०८३ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाले असल कर्जाका लागि १ प्रतिशत र सुक्ष्म निगरानी र पुनरसंरचना/पुर्नतालीकिकरण कर्जाका लागि ५ प्रतिशत तथा निक्षेप तथा कर्जा सुरक्षण कोषबाट सुरक्षित बीमित कर्जाको हकमा उपरोक्त व्यवस्थाको २५ प्रतिशत नोक्सानी व्यवस्था वापत कायम गरेको देखिन्छ। साथै सक्रिय कर्जाका लागि कुल कर्जा रकमको १.१७ प्रतिशत बराबर कर्जा नोक्सानी व्यवस्था कायम गरेको देखिन्छ।

(ख) निष्क्रिय कर्जा नोक्सानी व्यवस्था

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन २०८२ को निर्देशन नं.२/०८२ को बुँदा नम्बर २ मा भएको व्यवस्था बमोजिम २०८३ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाले निष्क्रिय कर्जालाई कमसल शंकास्पद र खराब कर्जामा वर्गीकरण गरी क्रमशः २५, ५० र १०० प्रतिशत तथा निक्षेप तथा कर्जा सुरक्षण कोषबाट सुरक्षित कर्जाको हकमा उपरोक्त व्यवस्थाको २५ प्रतिशत नोक्सानी व्यवस्था कायम गरेको देखिन्छ। साथै, पुनरसंरचना/पुर्नतालीकिकरण गरिएको कर्जाको हकमा निर्देशनमा तोकिए बमोजिमको नोक्सानी व्यवस्था कायम गरेको देखिन्छ।

२०८३ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जामा निष्क्रिय कर्जा अनुपात ९.७८ प्रतिशत रहेको देखिन्छ। साथै निष्क्रिय कर्जाका लागि कुल कर्जा रकमको ५.७९ प्रतिशत बराबर कर्जा नोक्सानी व्यवस्था कायम गरेको देखिन्छ।

२०८३ असार मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरुले रु.३७ अर्ब १९ करोड बराबर कर्जा नोक्सानी व्यवस्था कायम गरेका छन्। उक्त रकम कुल बाँकी कर्जाको ६.९६ प्रतिशत र निष्क्रिय कर्जाको ७१.२० प्रतिशत रहेको देखिन्छ।

३.४ धितो कर्जा र कुल कर्जा अनुपात

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन २०८२ को निर्देशन नं.३/०८२ को बुँदा नम्बर २ (घ) मा भएको व्यवस्था बमोजिम खुद्रा कर्जा कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाहरुले प्रदान गरेको कुल कर्जाको एक-तिहाई (३३.३३ प्रतिशत) मा नबढ्ने गरी धितो लिई लघु उद्यम कर्जा प्रदान गर्नसक्ने व्यवस्था रहेकोमा २०८३ असार मसान्तमा धितो कर्जा कुल कर्जाको १३.७८ प्रतिशत रहेको देखिन्छ। सञ्जीवनी लघुवित्त वित्तीय संस्था लिमिटेडले भने निर्देशन विपरित ३८.३४ प्रतिशत धितो कर्जा प्रवाह गरेको देखिन्छ।

३.५ कृषि क्षेत्रमा कुल कर्जाको अनुपात

यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन २०८२ को निर्देशन नं.१६/०८२ को बुँदा नम्बर ३ मा भएको व्यवस्था बमोजिम संस्थाले अनिवार्य रुपमा आफ्नो कुल कर्जाको एक तिहाइ कर्जा कृषि क्षेत्रमा प्रवाह गर्नुपर्नेछ भन्ने व्यवस्था रहेकोमा समीक्षा अवधिमा सबै लघुवित्त वित्तीय संस्थाहरुले सो निर्देशनको पालना गरेको देखिन्छ ।

३.६ अनिवार्य मौज्दात अनुपात

यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुले कुल बचत तथा सापटी रकमको ०.५० प्रतिशत (सर्वसाधारणबाट निक्षेप संकलन गर्नेको हकमा २ प्रतिशत) अनिवार्य मौज्दात अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा समिक्षा अवधिमा सञ्जीवनी लघुवित्त वित्तीय संस्था लिमिटेड बाहेक अन्य सबै लघुवित्त वित्तीय संस्थाहरुले सो निर्देशनको पालना गरेको देखिन्छ। अनुपात कायम नगरेको उक्त संस्थालाई हर्जना लगाईएको छ ।

३.७ तरल सम्पत्ति अनुपात

यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०८२ अनुसार सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो कुल बचत दायित्वको २.५ प्रतिशत तरल सम्पत्ति अनुपात तथा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो कुल बचत तथा निक्षेप दायित्वको ४ प्रतिशत वैधानिक तरलता अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा २०८३ असार मसान्तमा सबै लघुवित्त वित्तीय संस्थाहरुले सो व्यवस्थाको पालना गरेको देखिन्छ ।

३.८ निक्षेप/बचतको व्याजदर सम्बन्धमा

यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०८२ अनुसार लघुवित्त वित्तीय संस्थाले प्रवाह गरेको कर्जाको अधिकतम ब्याजदरको कम्तीमा ५० प्रतिशत हुने गरी निक्षेप/बचतको न्यूनतम ब्याजदर तय गर्नुपर्नेछ भन्ने व्यवस्था रहेकोमा सबै संस्थाहरूबाट सोको पालना भएको देखिन्छ ।

३.९ नेपाल राष्ट्र बैंकमा पठाउनुपर्ने विवरण सम्बन्धमा

यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०८२ को निर्देशन नं. ९ बमोजिम वित्तीय विवरणहरु यस बैंकमा पठाउनु पर्ने व्यवस्थाको सम्बन्धमा २०८३ असार मसान्तसम्ममा सम्पूर्ण लघुवित्त वित्तीय संस्थाहरुले आवश्यक कागजात तथा वित्तीय विवरणहरु पठाइरहेको देखिन्छ। साथै यस बैंकले सञ्चालनमा ल्याएको सुपरिवेक्षकीय सूचना प्रणालीमा सञ्जीवनी लघुवित्त वित्तीय संस्था लि. ले हालसम्म कुनै पनि तथ्यांक नपठाएको तथा श्रृजनशील लघुवित वित्तीय संस्था लि. अभियान लघुवित्त वित्तीय संस्था लि. कालिका लघुवित्त वित्तीय संस्था लि. सिवाईसी लघुवित्त वित्तीय संस्था लि मानुशी लघुवित्त वित्तीय संस्था लि. नाडेप लघुवित्त वित्तीय संस्था लि उन्नती सहकार्य लघुवित्त वित्तीय संस्था लि वीन नेपाल लघुवित्त वित्तीय संस्था लि र नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लि.ले न्यून संख्यामा तथ्याङ्क पठाइरहेको देखिन्छ भने अन्य संस्थाहरुले नियमितरुपमा तोकिएका अधिकांश तथ्याङ्क पठाइरहेको देखिन्छ। हालसम्म कुनै पनि तथ्याङ्क नपठाएको तथा न्यून संख्यामा तथ्याङ्क पठाएका उक्त

संस्थाहरूलाई सुपरिवेक्षकीय सूचना प्रणालीमा समेत नियमित तथ्याङ्क पेश गर्ने सम्बन्धमा आवश्यक पत्राचार गरिएको छ ।

३.१० वार्षिक वित्तीय विवरण स्वीकृति सम्बन्धमा

आ.व. २०८१/८२ को असार मसान्तसम्ममा कायम ५२ लघुवित्त वित्तीय संस्थाहरुमध्ये कुल ४९ संस्थाहरुको वार्षिक साधारण सभा प्रयोजनको लागि उक्त आर्थिक वर्षको वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गरिसकिएको तथा ३ वटा संस्थाहरु स्वीकृतिको प्रक्रियामा रहेको । साथै सोसम्बन्धी विस्तृत विवरण देहायबमोजिम रहेको छ ।

क्र.सं.	संस्थाको नाम	वार्षिक वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गरिएको मिति	साधारणसभा सम्पन्न मिति	कैफियत
१	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि.	२०८२/०९/०८	२०८२/०९/३०	-
२	डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि.	२०८२/०९/०६	२०८२/०९/२८	-
३	छिमेक लघुवित्त वित्तीय संस्था लि.	२०८२/०९/०७	२०८२/०९/२९	-
४	स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.	२०८२/०८/२९	२०८२/०९/२५	-
५	साना किसान बिकास लघुवित्त वित्तीय संस्था लि.	२०८२/०८/२१	२०८२/०९/२५	-
६	मिथिला लघुवित्त वित्तीय संस्था लि.	२०८२/०९/०८	२०८२/०९/३०	-
७	स्वरोजगार लघुवित्त वित्तीय संस्था लि.	२०८२/०९/०८	२०८२/१०/०३	-
८	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.	२०८२/०९/०७	२०८२/०९/३०	-
९	कालिका लघुवित्त वित्तीय संस्था लि.	२०८२/०९/०८	२०८२/०९/३०	-
१०	नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लि.	२०८३/०३/१०	२०८३/०३/३२	
११	जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि.	२०८२/१०/१४	२०८२/११/३०	-
१२	सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लि.	२०८२/०९/०७	२०८२/०९/३०	-
१३	लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.	२०८२/०९/०७	२०८२/०९/२९	-
१४	हिमालयन लघुवित्त वित्तीय संस्था लि.	२०८२/०८/२५	२०८२/०९/२८	-
१५	विजय लघुवित्त वित्तीय संस्था लि.	२०८३/०२/२९	२०८३/०३/२६	-
१६	एनएमबि लघुवित्त वित्तीय संस्था लि.	२०८२/१२/०३	२०८२/१२/२५	-
१७	फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.	२०८२/१२/२०	२०८३/०१/२१	-
१८	ग्लोबल आइ.एम.ई. लघुवित्त वित्तीय संस्था लि.	२०८२/०९/०७	२०८२/०९/२९	-
१९	महुली लघुवित्त वित्तीय संस्था लि.	२०८२/०९/०७	२०८२/०९/३०	-
२०	मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.	२०८२/०९/०८	२०८२/०९/३०	-
२१	समता घरेलु लघुवित्त वित्तीय संस्था लि.	२०८२/०९/०७	२०८२/०९/३०	-
२२	आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.	२०८२/०७/०२	२०८२/०८/१२	-
२३	सामुदायिक लघुवित्त वित्तीय संस्था लि.	२०८२/०९/१४	२०८२/१२/२७	-
२४	नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.	२०८२/०९/०७	२०८२/०९/३०	-
२५	ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.	२०८३/०१/११	२०८३/०३/१४	-
२६	वीन नेपाल लघुवित्त वित्तीय संस्था लि.	२०८२/१२/१५	२०८३/०२/०५	-
२७	उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लि.	२०८२/१०/२९	२०८२/१२/२८	-
२८	नाडेप लघुवित्त वित्तीय संस्था लि.	२०८३/०२/२६	२०८३/०३/२२	-
२९	सपोर्ट लघुवित्त वित्तीय संस्था लि.	२०८२/०९/०८	२०८२/०९/३०	-
३०	आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि.	२०८२/०९/०७	२०८२/०९/२९	-
३१	आशा लघुवित्त वित्तीय संस्था लि.	२०८२/०८/०५	२०८२/०९/०४	-
३२	गुराँस लघुवित्त वित्तीय संस्था लि.	२०८२/०६/३१	२०८२/०७/२३	-
३३	गणपति लघुवित्त वित्तीय संस्था लि.	२०८२/११/११	२०८२/१२/१३	-

३४	इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि.	२०८२/०९/०८	२०८२/०९/३०	–
३५	स्वाभिमान लघुवित्त वित्तीय संस्था लि.	२०८३/०३/०८	२०८३/०३/३०	–
३६	सम्पदा लघुवित्त वित्तीय संस्था लि.	२०८३/०१/१६	२०८३/०२/१७	–
३७	एनआईसी एसिया लघुवित्त वित्तीय संस्था लि.	२०८३/०२/०४	२०८३/०२/३०	–
३८	समाज लघुवित्त वित्तीय संस्था लि.	२०८३/०१/०४	२०८३/०३/१४	–
३९	महिला लघुवित्त वित्तीय संस्था लि.	–	–	प्रक्रियामा रहेको
४०	मानुषि लघुवित्त वित्तीय संस्था लि.	२०८३/०२/२२	२०८३/०३/१३	–
४१	यूनिक नेपाल लघुवित्त वित्तीय संस्था लि.	२०८२/१०/०९	२०८२/११/१३	–
४२	उपकार लघुवित्त वित्तीय संस्था लि.	२०८३/०१/१४	२०८३/०२/१०	–
४३	धौलागिरि लघुवित्त वित्तीय संस्था लि.	२०८२/१२/१५	२०८३/०१/२२	–
४४	सिवाइसि नेपाल लघुवित्त वित्तीय संस्था लि.	–	२०८३/०४/३०	
४५	नेस्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि.	२०८२/०९/०८	२०८२/०९/३०	–
४६	स्वस्तिक लघुवित्त वित्तीय संस्था लि.	२०८३/०४/२५	२०८३/०५/२७	
४७	श्रृजनशिल लघुवित्त वित्तीय संस्था लि.	–	–	प्रक्रियामा रहेको
४८	मातृभूमि लघुवित्त वित्तीय संस्था लि.	२०८३/०३/१०	२०८३/०३/३२	
४९	जीवन विकास लघुवित्त वित्तीय संस्था लि.	२०८२/०९/०७	२०८२/०९/२९	–
५०	आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लि.	२०८२/१२/०९	२०८३/०१/०७	–
५१	संजीवनी लघुवित्त वित्तीय संस्था लि.	–	–	प्रक्रियामा रहेको
५२	अभियान लघुवित्त वित्तीय संस्था लि.	२०८३/०३/०८	२०८३/०३/३०	–

***